# प्रदेश झोलुङ्गे पुल रणनीति, २०८०

लुम्बिनी प्रदेश सरकार

भौतिक पूर्वाधार विकास मन्त्रालय

राप्ती उपत्यका (देउखुरी), नेपाल

सचिव

लुम्बिनी प्रदेश सरकार
भौतिक पूर्वाधार विकास मन्त्रालय
राप्ती उपत्यका(देउखुरी), नेपाल

# विषयसूची


१.पृष्ठभूमि ........ ३

२.परिभाषा ........ ४

३.लक्ष्य ........ ४

४.उद्धेश्य ........ ४

५.रणनीति ........ ४

६.कार्यनीति ........ ४

७.कार्य सिद्धान्त ........ ५

८.प्रदेश सरकार तथा स्थानीय तहहरुको भूमिका ........ ६

  ८.१ प्रदेश सरकारको भूमिका ........ ६

  ८.२ स्थानीय तहहरुको भूमिका ........ ७

९.कार्यान्वयन ........ ७

१०.पुनरावलोकन ........ ७


सचिव

# प्रदेश झोलुङ्गे पुल रणनीति,२०८०

## १.पृष्ठभूमि

नेपालको शासन व्यवस्था सुदृढीकरणका लागि ३ आश्विन २०७२ मा संविधान सभाबाट नेपालको संविधान जारी भई नेपाल संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य भएको छ । संविधानको धारा ५६ ले संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुनेछ भनी उल्लेख गर्दै यी तीन तहको एकल अधिकारहरु क्रमशः अनुसूची ५,६ र ८ तथा साझा अधिकारलाई अनुसूची ७ र ९ मा समावेश गरेको छ । संविधानको धारा २३२ अनुसार यी तीन तहको सम्बन्ध सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तमा आधारित हुने व्यवस्था गरेको छ ।

नेपालको संविधानको राज्यको नीतिहरु अन्तर्गत "यातायात सुविधामा नागरिकहरुको सरल, सहज र समान पहुँच सुनिश्चित गर्ने" नीति, विकट बस्ती र समुदाय लाभान्वित हुने गरी झोलुङ्गे पुल निर्माण र वृहत मर्मत कार्यलाई निरन्तरता दिइने, झोलुङ्गे पुल क्षेत्रमा स्थानीय तह समेतको संस्थागत क्षमता अभिवृद्धि गर्न प्रादेशिक प्राविधिक सेवा प्रदायक संस्थाको सेवालाई सुदृढीकरण गरिने भनी लुम्बिनी प्रदेशको आ.व. २०८०।८१ को नीति तथा कार्यक्रममा उल्लेख गरिएको छ ।

झोलुङ्गे पुलसँग सम्बद्ध विभिन्न संस्थाहरुले अपनाउने प्रविधि, स्टयान्डर्ड, नर्म्स तथा स्पेसिफीकेशनमा एकरुपता ल्याउन तथा समान कार्यान्वयन प्रक्रिया अपनाउन झोलुङ्गे पुल रणनीति, २०६२ स्वीकृत गरी लागु गरिएको अवस्था विद्यमान छ । यस रणनीतिको दिशानिर्देशन अनुरुप सन् २००९ देखि २०१४ सम्म पहिलो, सन् २०१४ देखि २०१९ सम्म दोस्रो गरी दुई चरणमा कार्यान्वयन गरिएको झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रमको फलस्वरुप आ.व. २०७५/२०७६ (सन् २०१८/२०१९) को अन्त्यसम्म आइपुग्दा देश भित्र निर्माण सम्पन्न झोलुङ्गे पुलहरुको संख्या ८०३५ पुगेकोमा हाल तेस्रो चरण सम्पन्न हुदै गर्दा करीव १०००० पुगेको छ भने अझै करिव ३००० झोलुङ्गे पुलहरु निर्माण गर्नुपर्ने माग र आवश्यकता देखिएको छ । त्यस्तै लुम्बिनी प्रदेशमा हालसम्म १२४५ वटा झोलुङ्गे पुलहरु निर्माण भइसकेको अवस्था छ भने करिव ४०० झोलुङ्गे पुलहरु निर्माण गर्नुपर्ने देखिन्छ ।

हालको परिवर्तित संघीय संवैधानिक प्रावधान तथा स्थानीय सरकार संचालन ऐन, २०७४ अनुसार झोलुङ्गे पुल निर्माणको जिम्मेवारी एवं अधिकार स्थानीय तहमा रहेको छ । यद्यपी झोलुङ्गे पुल निर्माणको स्थान, प्राविधिक जटिलता र व्यवहारिकतालाई मध्यजनर गरी कतिपय प्रक्रियागत र संरचनात्मक व्यवस्था वारे भने टुंगो लाग्ने प्रक्रियामा नै छ । यसैले साविकका जिल्ला विकास समिति/जिल्ला प्राविधिक कार्यालयद्धारा संचालित क्रमागत झोलुङ्गे पुल आयोजनाहरु मध्ये छोटो तरिको झोलुङ्गे पुलहरु स्थानीय तह तथा लामो तरिको झोलुङ्गे पुलहरु प्रदेशमा हस्तान्तरण भएका छन् । अतः झोलुङ्गे पुल रणनीति, २०६२ ले गरेको दिशानिर्देशन अनुरुप स्थानीय जनतालाई पैदल मार्गमा आवतजावत गर्न पायक पर्ने संभाव्य स्थानमा झोलुङ्गे पुलको सुविधा उप

सचिव

गराउन, आगामी पाँच बर्षभित्रमा लुम्बिनी प्रदेशका स्थानीय जनतालाई नदी, खोला तथा खोल्सा तर्न आधा घण्टा भन्दा बढीको फेरो लगाउन नपर्ने गरी आवश्यक र संभाव्य स्थानमा झोलुङ्गे पुलहरुको निर्माण, हालसम्म निर्मित सम्पूर्ण झोलुङ्गे पुलहरुको नियमित, आवधिक र बृहत मर्मत संभार गरी लुम्बिनी प्रदेश भित्रका जनतालाई आधारभूत स्तरको सेवा पुर्याउन र परिवर्तित सन्दर्भमा प्रदेश, स्थानीयत तह र विकास साझेदारको भूमिका स्पष्ट पार्न आवश्यक भएकोले "प्रदेश झोलुङ्गे पुल रणनीति २०८०" तर्जुमा गरि लागु गरिएको छ । यसमा उल्लेख भएका विषय वस्तुहरुको हकमा यसै बमोजिम तथा अन्यको हकमा संघीय झोलुङ्गे पुल रणनीति २०६२ बमोजिम हुनेछ ।

## २.परिभाषा

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस "प्रदेश झोलुङ्गे पुल रणनीति, २०८०" मा:

क) "संघीय निकाय" भन्नाले सम्बन्धित संघीय मन्त्रालय तथा संघीय विभागहरु समेतलाई जनाउनेछ ।

ख) "स्थानीय तह" भन्नाले नेपालको संविधान, २०७२ मा व्यवस्था भएबमोजिम गठित गाउँपालिका तथा नगरपालिकालाई जनाउनेछ ।

## ३.लक्ष्य

स्थानीय जनताको आधारभूत सेवा, आर्थिक अवसर तथा श्रोतको पहुँचमा अभिवृद्धि भई गरिवी निवारणमा टेवा पुर्याउने ।

## ४.उद्धेश्य

झोलुङ्गे पुलको निर्माण, मर्मत संभार र संचालन गरी स्थानीय स्तरमा भरपर्दो यातायात सुविधा उपलब्ध गराउने ।

## ५.रणनीति

५.१ आवश्यक र सम्भाव्य स्थानमा झोलुङ्गे पुलको निर्माण गर्ने ।

५.२ निर्माण सम्पन्न भइसकेका झोलुङ्गे पुलहरुको मर्मत संभार गरी आधारभूत स्तरको यातायात उपलब्ध गराउने ।

५.३ झोलुङ्गे पुल कार्यक्रम कार्यान्वयनमा स्थानीय तहलाई सहयोग र समन्वय गर्ने ।

## ६.कार्यनीति

उपरोक्त रणनीति कार्यान्वयन गर्न देहायका कार्यनीति अवलम्बन गरिने छन:

६.१ आवश्यक र संभाव्य स्थानमा झोलुङ्गे पुलको निर्माण गर्नेः

सचिव

६.१.१ स्थानीय जनतालाई नदी, खोला तथा खोल्सा तर्न आधा घण्टा भन्दा बढीको फेरो लगाउन नपर्ने गरी आवश्यक र संभाव्य सवै स्थानहरुमा झोलुङ्गे पुलहरु निर्माण गरिनेछ ।

६.१.२ माथि उल्लेखित ६.१.१ अनुसारको लक्ष्य हासिल गर्न आ.व. २०८०।८१ मा आवश्यक र संभाव्य झोलुङ्गे पुलहरुको पहिचान गरी गुरुयोजना निर्माण गरिनेछ ।

६.१.३ पहिचान भएका स्थानमा प्राथमिकताको आधारमा क्रमशः झोलुङ्गे पुल निर्माण गरिनेछ ।

६.१.४ आवश्यक झोलुङ्गे पुलहरुको निर्माण आगामी ५ वर्ष भित्र सम्पन्न गरिनेछ ।

६.१.५ झोलुङ्गे पुल निर्माणका लागि प्रदेश र स्थानीय तहलाई प्राविधिक सेवा प्रदान गर्न संघ, प्रदेश र विकास साझेदार संस्थाको सहकार्यमा प्राविधिक सेवा प्रदायक संस्थाको व्यवस्थापन गरिनेछ ।

६.२ निर्माण सम्पन्न भईसकेका झोलुङ्गे पुलहरुको मर्मत-संभार गरी आधारभूत स्तरको दिगो पूर्वाधार बनाउनेः

६.२.१ निर्माण सम्पन्न भएका झोलुङ्गे पुलहरुको विवरण झोलुङ्गे पुल सूचना प्रणालीमा व्यवस्थित गरी हरेक वर्ष अद्यावधिक गरिनेछ ।

६.२.२ सम्पन्न झोलुङ्गे पुलहरुको नियमित तथा बृहत मर्मतको लागि स्थानीय तहसंग आवश्यक सहकार्य र समन्वय गरिनेछ ।

६.२.३ बजेट विनियोजन गर्दा नयाँ निर्माण भन्दा मर्मत-संभार र पुनःनिर्माण गर्नुपर्ने झोलुङ्गे पुलहरुलाई प्राथमिकता दिइनेछ ।

६.३ झोलुङ्गे पुल कार्यक्रम कार्यान्वयनमा स्थानीय तहलाई सहयोग र समन्वय गर्नेः

६.३.१ गुरुयोजना अनुसार झोलुङ्गे पुल निर्माणका लागि स्थानीय तहसंग आवश्यक समन्वय गरिनेछ ।

६.३.२ झोलुङ्गे पुलहरु निर्माणका लागि आवश्यकता अनुसार स्थानीय तहलाई प्राविधिक, आर्थिक तथा बस्तुगत सहयोग प्रदान गरिनेछ ।

६.३.३ स्थानीय तहले गुरुयोजना भित्रका झोलुङ्गे पुल निर्माणको लागि सिफारिश गरेमा प्राथमिकताको आधारमा वजेट विनियोजन गरी झोलुङ्गे पुल निर्माण गरिनेछ ।

६.३.४ स्थानीय तहमा कार्यरत प्राविधिकहरुलाई झोलुङ्गे पुल सर्भे, डिजाइन र निर्माण सम्बन्धी आवश्यक तालिम प्रदान गरिनेछ ।

## ७.कार्य सिद्धान्त

७.१ प्राविधिक रुपमा जटिल प्रकृतिका, बहु-स्पान भएका (Multi Span Trail Bridge तथा लामो तरिको (LSTB Type) झोलुङ्गे पुलहरुको निर्माण ठेक्कापट्टा "Lump sum Contract /Construction Turnkey Package" प्रणाली अनुसार गरिनेछ भने छोटो तरिको (SSTB Type) झोलुङ्गे पुलहरुको निर्माण उपभोक्ता समिति वा ठेक्का पट्टा प्रणाली मार्फत प्रचलित कानुन बमोजिम प्रक्रिया अवलम्बन गरी गरिनेछ । उपभोक्ता समितिबाट निर्माण गरिने झोलुङ्गे पुलहरुको डिजाइन, सामुदायिक परिचालन

सचिव

र निर्माण कार्यको अनुगमनको लागि आवश्यक परेमा प्रचलित कानुन बमोजिम गैर सरकारी संस्था मार्फत सेवा लिन सकिनेछ ।

७.२ ३५० मि. भन्दा बढी लम्बाइका झोलुङ्गे पुलहरु सामाजिक/आर्थिक सम्भाव्यता अध्ययन (Socio-Economic Study) पश्चातमात्र निर्माण गरिनेछ ।

७.३ व्यवसायिक तथा पर्यटकीय संभावना भएका झोलुङ्गे पुलहरु निर्माणको लागि सार्वजनिक निजि साझेदारी (Public Private Partnership) को अवधारणालाई प्रोत्साहन गरिनेछ ।

७.४ संघ, प्रदेश तथा स्थानीय तह सँग समन्वय गरी कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्ने उद्धेश्यले प्रदेश तहमा झोलुङ्गे पुल समन्वय समिति (Trail Bridge Coordination Committee) गठन गरिनेछ ।

७.५ झोलुङ्गे पुलहरुको निर्माण गर्दा संघीय झोलुङ्गे पुल रणनीति, २०६२ ले निर्दिष्ट गरे अनुरुप झोलुङ्गे पुल सम्बन्धि Technical Standards, Norms, Manual हरुको पूर्ण रुपमा परिपालना गरिनेछ ।

७.६ झोलुङ्गे पुलहरुको निर्माण गर्दा सामाजिक, सास्कृतिक तथा वातावरणीय पक्षलाइ समेत ध्यान दिइने छ ।

## ८.प्रदेश सरकार तथा स्थानीय तहहरुको भूमिका

### ८.१ प्रदेश सरकारको भूमिका

८.१.१ स्थानीय तहबाट निर्माण गर्न सम्भव नदेखिएका तथा प्राविधिक रुपमा जटिल प्रकृतिका Multi Span Trail Bridge तथा लामो तरिको (LSTB Type) झोलुङ्गे पुलहरुको निर्माण यातायात पूर्वाधार निर्देशनालय/ सडक पूर्वाधार विकास कार्यालय मार्फत प्रदेश सरकारले गर्नेछ ।

८.१.२ स्थानीय तहले प्राविधिक रुपमा जटिल प्रकृतिका Multi Span Trail Bridge, लामो तरिको (LSTB Type) झोलुङ्गे पुल निर्माण गर्न चाहेमा आवश्यक प्राविधिक सहयोग उपलब्ध गराउने व्यवस्था मिलाउनेछ ।

८.१.३ प्रदेश भित्र संचालन हुने (स्थानीय तहवाट समेत) झोलुङ्गे पुल कार्यक्रमको वित्तिय व्यवस्थापन तथा प्राविधिक सहयोग (Technical Assistance) को लागि नेपाल सरकार तथा विकास साझेदार निकायहरुसँग समन्वय गर्नेछ ।

८.१.४ प्रदेश तथा स्थानीय तहले निमार्ण गर्ने झोलुङ्गे पुलहरुका लागि आवश्यक पर्ने लठ्ठा तथा बुल्डग्रिप्सको खरिद तथा व्यवस्थापन गर्नेछ ।

८.१.५ निर्माण सम्पन्न भएका झोलुङ्गे पुलहरुको विवरण झोलुङ्गे पुल सूचना प्रणालीमा व्यवस्थित गरी हरेक वर्ष अद्यावधिक गर्नेछ ।

८.१.६ प्रदेश भित्र संचालन हुने (स्थानीय तहवाट समेत) झोलुङ्गे पुल कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्न आवश्यकताको आधारमा प्राविधिक सेवा प्रदायक संस्था (Provincial Technical Assistance Provider, PTAP) छनौट गरी व्यवस्थापन गर्नेछ ।

सचिव

८.१.६ प्रदेश तथा स्थानीय तहले निमार्ण गर्ने झोलुङ्गे पुलको गुणस्तरसंग सम्बन्धित आवश्यक प्राविधिक चेकजाँच (Lab Test) कार्यको व्यवस्थापन निर्देशनालयले मिलाउनेछ भने सो गर्दा लाग्ने खर्च मन्त्रालय वा निर्देशनालय वा सम्बन्धित कार्यालयले व्यहोर्नु पर्नेछ ।

### ८.२ स्थानीय तहहरुको भूमिका

८.२.१ स्थानीय तहहरुले आफ्नो क्षेत्र भित्र संचालन गर्नुपर्ने झोलुङ्गे पुल कार्यक्रमको वित्तिय व्यवस्थापन तथा प्राविधिक सहयोग (Technical Assistance) को लागि संघ, प्रदेश सरकार तथा विकास साझेदार निकायहरुसँग समन्वय गर्नेछन् ।

८.२.२ स्थानीय तहबाट निर्माण गर्न सम्भव छोटो तरिको (SSTB Type) झोलुङ्गे पुलहरुको निर्माण स्थानीय तह आफैले गर्नेछन् । प्राविधिक रुपमा जटिल प्रकृतिका Multi Span Trail Bridge तथा लामो तरिको (LSTB Type) झोलुङ्गे पुल निर्माण गर्न चाहेमा आवश्यक प्राविधिक सहयोगको लागि संघीय/प्रदेश सरकार तथा विकास साझेदार निकायहरुसँग समन्वय गर्नेछन् ।

८.२.३ जुनसुकै निकायबाट निर्माण भएतापनि निर्माण सम्पन्न भई हस्तान्तरण हुन आएका झोलुङ्गे पुलहरुको स्वामित्व लिई त्यस्ता झोलुङ्गे पुलहरुको नियमित तथा आवधिक मर्मत संभारको जिम्मा स्थानीय तहहरुले लिनेछन् ।

८.२.४ स्थानीय तहले झोलुङ्गे पुल निर्माण गर्दा झोलुङ्गे पुल गुरुयोजनामा आधारित भएर प्राथमिकताका आधारमा गर्नेछन् ।

८.२.५ स्थानीय तहले आ-आफ्नो क्षेत्र भित्र रहेका झोलुङ्गे पुलहरुको नियमित मर्मत कार्यको लागि आवश्यक वजेटको व्यवस्था गर्नेछन् ।

## ९.कार्यान्वयन

यो रणनीति प्रदेश सरकारले निर्णय गरेको मिति देखि लागु हुनेछ ।

## १०.पुनरावलोकन

यस रणनीतिलाई प्रभावकारी तथा समसामयिक बनाउन आवश्यकता अनुसार पुनरावलोकन गरिनेछ ।

सचिव